बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः १ मितिः २०८०/११/३०

## भाग – २

# बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाउँपालिका स्वास्थ्य, सरसफाई तथा पोषण नीति २०८०

**गाउँसभाबाट स्विकृत मिति:- २०८०/११/३०**

**राजपत्रमा प्रकाशित मिति:- २०८१/०१/०६**

### १. पृष्ठभूमि/ प्राकथन

नेपालको संबिधानले आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाईलाई मौलिकहकको रुपमा प्रत्याभुत गरेको छ । खानेपानी र वातावरण सम्वन्धी नागरिकको अधिकार भनेर संविधानमा उल्लेख

गर्ने विश्वका थोरै देश मध्ये नेपाल पनि पर्दछ । यस्तै राष्ट्रिय पोषण नीति तथा रणनीतिले आवश्यक मात्रामा पोषणयुक्त खाना खान पाउनु पनि हरेक नागरिकहरुको मौलिक हकको रुपमा समावेश गरेको छ । यस अवस्थामा बान्नीगढी जयगढ गाउँपालिकाका सबै नागरिकहरुलाई स्वास्थ्य सरसफाई सेवामा समान पहुँच र आकस्मिक स्वास्थ्य सेवा पुर्याउने र आधारभूत स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गर्नु अपरिहार्य रहेको छ । यसका लागि बान्नीगढी जयगढ गाउँपालिकाले स्वास्थ्य सेवाको गुणस्तर निर्धारण, औषधी, उपकरण, जनशक्ति ब्यवस्थापन गरि सेवा प्रवाह गर्नुपर्ने भएकाले बान्नीगढी जयगढ गाउँपालिकाको स्वास्थ्य र बिकास अन्तर सम्बन्धित बिषयहरु हुन । स्वास्थ्य क्षेत्रमा भएका प्रगतिहरूलाई विकासका प्रमुख सूचकहरूको रूपमा लिइन्छ । बान्नीगढी जयगढ गाउँपालिकाका गरिब, दुरदराजका नागरिकहरु अझै पनि अत्यावश्यक स्वास्थ्य सेवा र सुविधाबाट बञ्चित (सहज पहुँचबाट टाढा) रहेका छन । गुणस्तरीय स्वास्थ्य सेवा मार्फत मानव विकास सूचकाङ्कमा सुधार ल्याई बान्नीगढी जयगढ गाउँपालिकाको समग्र विकासका लागि प्रभावकारी स्वास्थ्य सेवाको व्यवस्था गर्नु जरुरी देखिएकोले बान्नीगढी जयगढ गाउँपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुनसक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खास गरी गरिब, सिमान्तकृत, जोखिममा रहेका समुदाय, गर्भवती सुत्केरी महिला, नवजात शिशु, पाँच वर्ष मुनिका बालबालिका, किशोर किशोरी लगायत आम नागरिकलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँच योग्य बनाउनु बान्नीगढी जयगढ गाउँपालिकाको दायित्व भएकोले बदलिएको संघीय संरचनामा स्थानिय सरकारले गुणस्तरिय आधारभूत स्वास्थ्य सेवाको प्रवाह गर्नु पहिलो प्राथमिकता रहेको र सबै स्थानीय तहका हरेक वडामा एक स्वास्थ्य संस्था स्थापना गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक सबै स्रोत र साधनको अधिकतम परिचालन गरी स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै चुनौतीहरूलाई सहीढङ्गले सम्बोधन गरेर बान्नीगढी जयगढ गाउँपालिकाका नागरिकको स्वास्थ्य प्रवद्र्धन, संरक्षण, सुधार र पुर्नस्थापन गर्न राष्ट्रिय स्वास्थ्य नीति २०७६, संघिय स्वास्थ्य नीति २०७६ र राष्ट्रिय पोषण नीति तथा रणनीति सन् २००४ को दायरा भित्र रहेर बान्नीगढी जयगढ गाउँपालिका भित्रका स्वास्थ्य, सरसफाई, पोषण सम्वन्धी आवश्यकता, स्वास्थ्य सरसफाई र पोषण सम्वन्धी तथ्यांकको आधारमा स्वास्थ्य सरसफाई तथा पोषण नीति, बान्नीगढी जयगढ गाउँपालिका २०८० तयार गरी लागू गरिएको छ ।

## २. बान्नीगढी जयगढ गाउँपालिकाको स्वास्थ्य, सरसफाई तथा पोषणको अवस्था समिक्षा

### क) विगतमा गरिएका प्रयासहरुः

राष्ट्रिय नीतिहरुका आधारमा स्वास्थ्य क्षेत्रमा धेरै सफलता प्राप्त भएका छन यद्यपी हालको स्वास्थ्यका सूचकहरुमा सन्तुष्ट हुने अवस्था छैन । दुर्गम क्षेत्रका, गरिब, लक्षित उमेर समूहका, शारीरिक तथा मानसिक रुपमा अशक्त नागरिकहरुमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिदै आएको छ ।

देश संघियतामा गए संगै तीन तहको सरकार संघ, प्रदेश र स्थानीय तहले एकल तथा साझा अधिकारहरुलाई प्रयोग गरेर स्थानीय समस्याहरु समाधान गर्नका लागि स्थानीय परिवेश अनुसार आफ्नै नीति नियम, रणनीतिहरुको निर्माण गर्ने र सो अनुरुपका कार्यक्रमहरु तयार गरि कार्यान्वयन गर्न सक्ने संवैधानीक व्यवस्था छ ।

बान्नीगढी जयगढ गाउँपालिकाले पनि विगतका आर्थिक वर्षहरुमा स्वास्थ्यको क्षेत्रमा उल्लेखनीय र प्रभावकारी कामहरु सम्पन्न गरि सकेको छ । आधारभूत स्वास्थ्य सेवाको सुनिश्चितता गर्न बान्नीगढी जयगढ गाउँपालिकाको प्रयोजनका लागि गाउँपालिकाले स्वास्थ्यको बस्तु स्थिति झल्कने गरि आ.ब. २०७५/०७६ मा गाउँपालिकाको प्रोफाईल तयार गरेको थियो । उक्त प्रोफाईलमा उल्लेख गरिएका तथ्याङ्कहरुको आधारमा आ.ब. २०७९/०८० को स्वास्थ्य शाखाको कार्ययोजना तयार गरि कार्यक्रमहरु कार्यान्वयन गरिएको थियो । सो योजना कार्यान्वयनबाट प्राप्त सिकाइ, स्वास्थ्य सेवाका लागि केन्द्र र प्रदेश सरकारका नीति र कार्यक्रमका प्राथमिकता र स्थानीय आवश्यकतालाई मध्येनजर गरी बान्नीगढी जयगढ गाउँपालिकाको स्वास्थ्य, सरसफाई तथा पोषण नीति तयार गरिएकोछ ।

## ३. गाउँपालिकामा स्वास्थ्य, सरसफाई तथा पोषणको बर्तमान अवस्था

### ३.१ जनशक्तिको वर्तमान अवस्था

बान्नीगढी जयगढ गाउँपालिका साबिकका गाँजरा, जनालिकोट, वरदादेबी,तिमिल्सैन,कालिका र दर्ना गा.वि.स. गरी जम्मा ६ वटा वडाहरु मिलेर बनेको गाउँपालिका हो । नेपाल सरकारको स्वास्थ्य निति २०७१ बमोजिम यस गाउँपालिका हरेक वडामा गरी ६ वटा स्वास्थ्य चौकीहरु रहेकाछन् । वि.सं. २०७३ सालमा यस बान्नीगढी जयगढ गाउँपालिका साविक गाँजरा, जनालिकोट, वरदादेबी, तिमिल्सैन, कालिका र दर्नाँ गा.वि.स. गरी जम्मा ६ वटा वडाहरु मिलेर बनेको हो । बिभिन्न समस्याका बावजुत पनि हरेक स्वाथ्य संस्थाहरुमा आवस्यक दक्ष स्वास्थ्य कर्मिको ब्यबस्थापन गर्न गाउँपालिका हरबखत प्रयासरत रह्यो,। हाल ५ वटा संस्थामा प्रसुति सेवा, १८ वटा गाउँघर क्लिनिकबाट प्राथमिक उपचार लगायत परिवार नियोजन सेवा, पोषण तथा परामर्श सेवा, स्वास्थ्य सेवा, १४ वटा खोप केन्द्रबाट खोप सेवा र ७६ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु बाट स्वास्थ्य, सरसफाई तथा पोषण सेवा र परामर्श, परिवार नियोजन सम्बन्धि परामर्श सेवा प्रदान गरिदै आईएको छ । स्थायी तथा करार गरी ३२ जना स्वास्थ्यकर्मीद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आएको छ । सेवालाई गुणस्तरीय, छिटो छरितो र प्रभावकारी बनाउन गाउँपालिकाको आन्तरिक श्रोतबाट वर्षेनि थप स्वास्थयकर्मी ब्यबस्थापन गर्दै आईरहेको छ ।

## ३.२ स्वास्थ्य तथा पोषण सम्बन्धि तथ्याकिंय अवस्थाविश्लेषण र दिगो विकासका लक्ष्यहरु

| सि.नं | सुचकहरू | नेपाल NDSH-2022 | अछाम जिल्ला DSIH-2 | बान्नीगढी जयगढ गाउँपालिका DSIH-2 | दिगो विकास लक्ष्य २०३० | कैफियित |
|---|---|---|---|---|---|---|
| १ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ५९.१ | ४९.५ | ९० भन्दा बढी | |
| २ | सुत्केरी पश्च्यात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | ४१ | ४६ | ९० भन्दा बढी | |
| ३ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | २९.३ | २४.५ | ७४ भन्दा बढी | |
| ४ | १५ देखि १९ वर्ष उमेरका किशोरी मध्ये बच्चा जन्माई सकेका वा पहिलो पटक गर्भवती भई सकेकाको प्रतिशत | | १०.६ | ४.७ | ४.१ भन्दा कम | |
| ५ | पाँच वर्षमुनिका बच्चाहरूको मृत्यु | ३३ | | | २० भन्दा कम | |
| ६ | मातृ मृत्यू | ११६ | | | ७० भन्दा कम | |
| ७ | नवजात शिशु मृत्यु | २१ | | | १२ भन्दा कम | |
| ८ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ७०.७ | ३४.३% | ९० भन्दा बढी | |
| ९ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | | | ९५ भन्दा बढी | |
| १० | पाँच वर्ष मुनिका बच्चामा हुने पुड्कोपन | ३५.८ | | | १५ भन्दा कम | |
| ११ | प्रजनन् उमेरका महिलाहरुमा हुने रक्तअल्पता | ४०.८ | | | १० भन्दा कम | |
| १२ | पाँच वर्ष मुनिका बच्चामा हुने रक्तअल्पता | ५२.७ | | | १० भन्दा कम | |
| १३ | कम तौल ०-देखी २३ महिना % | | | | २० भन्दा कम | |
| १४ | स्वच्छ खानेपानिको पहुँच % | ८७ (2016 DWSS) | | | ९० भन्दा बढी | |
| १५ | सरसफाईमा पहुँच % | ८२ (2016 SHcc) | | | ९९ भन्दा बढी | |

(श्रोतः एन.डि.एच.एस, डि.एच.आई.एस.२)

## ३.३ पोषण सम्बन्धि हालको अवस्था र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरु

| क्र. सं. | २०२५ र २०३० सम्म हासिल गर्नुपर्नेर पोषण सम्बन्धी बिश्वब्यापी लक्ष्यहरु | नेपालको अबस्था % | | सन् २०२५ वि.स्वा. सभाको लक्ष्य | सन् २०३० को दिगो वि. लक्ष्य |
|---|---|---|---|---|---|
| | | सन् २०११ | सन् २०१६ | | |
| १ | ५ बर्ष मुनिका बच्चामा हुने पुड्कोपन ४०% ले घटाउने | ४०.५% | ३५.८% | २४.३% | १५% भन्दा कम |
| २ | प्रजनन् उमेसका महिलामा हुने रक्तअल्पतालाई ५०% ले घटाउने | ३५% | ४०.८% | १७.५% | १०% |
| ३ | ५ बर्ष मुनिका बालबालिकामा हुने रक्तअल्पतालाई ५०% ले घटाउने | ४६.२% | ५२.७% | २३.१% | १०% |
| ४ | कम तौलको बच्चा जन्मिने संख्यालाई ३०% ले घटाउने | १२.१% | २४.२% | ८.५% | ८.५% भन्दा कम |
| ५ | बाल्यकालमा मोटोपन हुनेहरुको संख्या संख्या बृद्धि नहुने अवस्था सुनिश्चित गर्ने | १.४% | १.२% | १.४% वा कम | १.४%भन्दा कम |
| ६ | शिशु ६ महिना हुँदा सम्म पूर्ण स्तनपान गराउने संख्यालाई कम्तिमा ९० सम्म पूर्याउने | ६९.६% | ६६.१% | ५०% | ९०% |
| ७ | ५ बर्ष मुनिका बालबालिकामा हुने ख्याउटेपनको संख्यालाई ४% भन्दा कममा झार्ने | १०% | ९.७% | ५ % वा कम | ४% भन्दा कम |

## ३.४. बान्नीगढी जयगढ गाउँपालिकाको स्वास्थ्य र पोषण सम्बन्धि विगत ३ बर्ष देखिको तथ्यांक अवस्था

| क्र.सं. | सुचकहरु | तथ्यांक अबधि | | | कैफियत |
|---|---|---|---|---|---|
| | | २०७७/७८ | २०७८/७९ | २०७९/८० | |
| १ | BCG लिएका १ वर्ष मुनिका बालबालिका (प्रतिशत) | ७३.८ | ७६.२ | ५५.४ | |
| २ | DPT-HepB-Hib3 लिएका १ वर्ष मुनिका बालबालिका (प्रतिशत) | ६६ | ८६.७ | ७१ | |
| ३ | Measles\rubella 1 लिएका ९ देखि ११ महिना सम्मका बालबालिका (प्रतिशत) | ८२.६ | ६९.९ | ७७.१ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | JE लिएका १२ देखि २३ महिना सम्मका बालबालिका (प्रतिशत) | ७५.८ | ८०.७ | ७१ | |
| ५ | TD2 & TD2+ लिएका गर्भवति (प्रतिशत) | ६०.२ | ५७.५ | ४७.८ | |
| ६ | ० देखि २३ महिना सम्मका बालबालिकाहरुको औसत बृद्धि अनुगमन | ९ | ९.८ | १७.२ | |
| ७ | पुर्ण स्तनपान गरेका ० देखि ६ महिना सम्मका बालबालिकाहरु (बृद्धि अनुगमनमा दर्ता भएका मध्ये) | ५७.७ | ८०.३ | १०३.२ | |
| ८ | कम तौत (२.५ के.जि. भन्दा कम) भएका जिबित नन्मेका शिशुहरु (प्रतिशत) स्वास्थ्य कर्मीद्धारा सुत्केरि गराईएका मध्ये | ३.३ | ७.२ | ० | |
| ९ | बृद्धि अनुगमनकोलागि दर्ता भएका जन्म देखि ११ महिना सम्मका शिशुहरु (प्रतिशत) | ८४.६ | ८१ | ५९.२ | |
| १० | बृद्धि अनुगमनकोलागि दर्ता भएका (नयाँ) मध्ये कम तौल भएका जन्म देखि २३ महिना सम्मका बालबालिकाहरु (प्रतिशत) | ३.९ | ३.८ | ३.१ | |
| ११ | समयमानै (६ देखि ८ महिना भित्र) थप खाना सुरु गरेका बालबालिका | ५७.७ | ८०.३ | १०३.२ | |
| १२ | गर्भावस्थामा १८० चक्कि आईरन तथा फालिक एसिड चक्कि पाएका गर्भवति (प्रतिशत) | ६४.७ | ६४.१ | ४९.५ | |
| १३ | जम्मा भिटामिन ए पाएका सुत्केरि महिलाहरु (प्रतिशत) | १०० | १०० | १०० | |
| १४ | पाँच बर्ष मुनिका बालबालिकामा ARI Incidence (प्रतिहजारमा) | ६१२.४ | ७२३.३ | ६२३.६ | |
| १५ | पाँच बर्ष मुनिका बालबालिकामा झाडापखला लागेको Incidence (प्रतिहजारमा) | ४१०.१ | ४१३.८ | ३०१.६ | |
| १६ | पाँच बर्ष मुनिका बालबालिकामा जिंक चक्कि र पुनर्जलिय झोलबाट भाढापखलाको उपचार उपचार (प्रतिशत) | १०० | ९९.९ | १०० | |
| १७ | नवजात शिशुलाई नाभिमलम लगाईएको (प्रतिशत) | १०० | १०० | १०० | |
| १८ | नवजात शिशु मृतयुदर | १ | ० | ० | |
| १९ | पुर्व प्रशुति जाँच (चौंथो, छैठौं, आठौं र नवौं | ६४.७ | ६४.७ | ४९.५ | |
| २० | स्वास्थय संस्थामा सुत्केरि प्रतिशत | ४७.४ | ४६.१ | ३४.३ | |
| २१ | दक्ष स्वास्थयकर्मिद्धारा ( SBA ) प्रशुति गराईएको प्रतिशत | ९२ | ९२ | ९९ | |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | प्रशुति जाँच निर्देशिका अनुसार (२४ घण्टा, तिन दिन र सात दिन भित्र) | ६०.७ | ५३.२ | ४६ | |
| २३ | मातृ मृत्युदर | ० | ० | ० | |
| २४ | FP.Methods New acceptor among as% of WRA | १९ | २७.२ | ३० | |
| २५ | No. of new TB cases registered | १० | १४ | ८ | |
| २६ | Total No.of Leprosy Ceases | ४ | १ | १ | |
| २७ | % of OPD New Visits among total population | ९८ | १२२ | १३८ | |
| २८ | मृत जन्म | २ | १ | १ | |

(श्रोतः डि.एच.आई.एस.२)

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हाँसिल गरिसकेको र स्वास्थ्य क्षेत्रमा मुलुक सकारात्मक बाटोमा अग्रसर भइरहेको देखिएतापनि यस बान्नीगढी जयगढ गाउँपालिकामा स्वास्थ्य र पोषणको क्षेत्रका चुनौतीहरू अझै थुप्रै छन् । विगत ३ वर्षको तथ्यांकलाई विश्लेषण गर्दा प्रायजसो सुचकहरु सकारात्मक रुपमा बढेता पनि सन्तोष जनक देखिदैन । दिगो विकास लक्ष्य सन २०३० ले निर्धारण गरेका स्वास्थ्यका सूचकहरुको उपलब्धीहरु प्राप्त गर्नका लागि यस गाउँपालिकाको पनि उत्तरदायित्व रहेको छ ।

## ३.५. गाउँपालिकामा स्वास्थ्य सरसफाई तथा पोषणका क्षेत्रमा विद्यमान समस्या तथा चुनौतीहरूः

क) बान्नीगढी जयगढ गाउँपालिको भूगोलको विशिष्टता, सबै स्वास्थ्य चौकीहरुमा आवश्यक औजार, उपकरणहरु एवम् स्वास्थ्यकर्मीहरुको उपलब्धता नभएकाले सबै समुदाय र बस्तीमा गुणस्तरीय स्वास्थ्य सेवा पुग्न सकेको छैन ।

ख) हाल सेवा प्रदान गरिरहेका स्वास्थ्य संस्थाहरुमा उपचारात्मक सेवा बढि र रक्षात्मक सेवा कम रहेको छ । परिणामस्वरुप जनस्वास्थ्यको परिभाषा अनुसार प्रवद्र्धनात्मक सेवा प्रभावकारी रुपमा अगाडि वढ्न नसकेकोले समुदायमा रहेका आन्तरिक, भित्रि स्वास्थ्य समस्या, समस्याका मुल कारण पहिचान गर्न र समस्याको आधारमा कार्यक्रम संचालन गर्न सकिएको छैन ।

ग) हरेक स्वास्थ्य संस्थामा परामर्श सेवालाई ब्यबस्थित र आवस्यकता अनुसार प्रवाह गर्ने चलन कम हुनुले पनि स्वास्थ्य, सरसफाई र पोषण सेवा सोचे अनुसार प्रभावकारी हुन सकेको छैन ।

घ) स्वास्थ्य संस्थामा स्वास्थ्यकर्मीहरुको कार्य विवरण तथा स्वास्थ कर्मीको कार्यपत्रको खाका समेत तयार भई सकेको भएता पनि सो अनुरुप गुणस्तरीय तथा प्रभावकारी सेवाहरु प्रवाह हुन सकेको छैन ।

ङ) गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाका उदाहरणीय कार्य सम्पादन गर्ने स्वास्थ्य संस्था तथा संस्थाका कर्मचारीहरुलाई उचित प्रोत्साहनको व्यवस्था गरि थप कार्य तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहलाई बृद्धि गर्न नसकिएको ।

च) गाउँपालिकाको स्वास्थ्य शाखा तथा पालिका अन्तरगतको स्वास्थ्य संस्थाहरुमा आवश्यक औषधि भण्डारणको उचित ब्यवस्था (स्थान, स्टोर, कोल्डचेन आदि) को अभाव जस्ता कारणले गुणस्तरीय औषधिको आपुर्ति, वितरण र उपलब्धता र सहजपहुँच हुन सकेको छैन । ( Uterine Prolapse )

छ) प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधि उपकरण पु¥याउन र स्वास्थ्य संस्थाबाट टाढा रहेका वस्तीमा बसोबास गर्ने नागरिकलाई समुचित मुल्यमा औषधी उपचार उपलब्ध गराउनु र निजि क्षेत्रको सेवालाई सरल, सहज, सुलभ, नागरिकले सहज स्वीकार गर्न सक्ने वनाउनु र यसको नियमन गर्नु पनि चुनौतिपूर्ण छ ।

ज) आधुनिक जिवनशैलिको नाममा अस्वस्थकर जिवनशैलि अपनाउनु, शारिरिक परिश्रम तथा व्यायम कम गर्नु, सुर्तिजन्य पदार्थको प्रयोग, मादक पदार्थ सेवन, अस्वस्थकर जिवनशैलिका कारण नसर्ने रोगको प्रकोप दिनानुदिन बढ्दै गईरहको छ । यसले गर्दा क्यान्सर, मुटुसम्बन्धी समस्या तथा हृदयघात, मृगौला, मधुमेह, कलेजो, फोक्सोको रोग, महिलाको पाठेघर खस्ने समस्या ( Uterine Prolapse ) दाँतको रोग, गलगाँड, मानसिक रोगको प्रकोप बढिरहेको छ ।

झ) आयूर्वेदिक चिकित्सा उपचार पद्धतिलाई ब्यबस्थापन गर्न नसकिनु

ञ) बान्नीगढी जयगढ गाउँपालिका भित्र रहेका पिछडिएका, गरीव, असहाय, अति दुर्गम भेगका नागरिकहरुका लागि स्वास्थ्य उपचार महंगो पर्न गएको छ । अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महंगो भई परिवार नै आर्थिक जोखिममा परि गरीबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकि घरैमा बसि मृत्युवरण गर्नु परेको अवस्था पनि विद्यमान छ ।

ट) पोषणको दृष्टिले अति सम्बेदनशिल मानिने गर्भवति सुत्केरि महिला, बालबालिका, किशोरी एवं बृद्धहरुमा कुपोषण/पोषण सम्बन्धि समस्याहरु (पोषक तत्वहरुको कमि) रहेका छन् ।

ठ) स्वच्छ खानेपानी र सरसफाइको कमीले बेलाबखत झाडापखाला,टाईफाईड, हैजा, ज्वरो, जस्ता महामारीजन्य रोगहरु फैलने गरेको छ ।

ड) जेष्ठ नागरिक तथा अपाङ्गता भएका ब्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्य, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।

ढ) स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरिकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्वन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।

ण) परम्परागत धामी, झाक्रिको अभ्यास, रुढीग्रस्त सोच जस्ता चुनौतिहरु विद्यमान रहेका छन् ।

त) खुला दिसामुक्त, पुर्ण सरसफाई, स्वच्छ घर, स्वच्छ वातावरण, पर्यावरण अभियानको पालना पूर्ण हुनसकेको । यसका कारण पोषणयुक्त गाउँपालिकाको रुपमा विकास गर्न चुनौती रहेको छ।

थ) स्वास्थ्य सुचना र तथ्यांकहरुको रेकर्डिङ्ग र रिपोर्टिङ्ग वैज्ञानिक र प्रभावकारी बनाउन नसकिएकोले स्वास्थ्य योजना बनाउन कठिन भएको छ ।

**४. बान्नीगढी जयगढ गाउँपालिका स्वास्थ्य, ससफाई तथा पोषण नीतिको निर्देशक सिद्धान्त तथा उदेश्यहरु**

माथि उल्लेखित समस्या, चुनौती तथा औचित्यका आधारमा गाउँपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मौलिक निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा गाउँपालिकाको स्वास्थ्य नीति, २०७९ को कार्यान्वयन गरिनेछ ।

४.१. बान्नीगढी जयगढ गाउँपालिकाका नागरिकहरूलाई मौलिक अधिकारको रुपमा आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने व्यवस्था सुनिश्चित गर्ने ।

४.२. बान्नीगढी जयगढ गाउँपालिकाका नागरिकले प्राप्त गर्ने स्वास्थ्य सेवा सम्बन्धी सूचनाको हक सुनिश्चित गरी स्वास्थ्य सेवाका हरेक तहमा जनसहभागिता बढाई सेवाग्राहीको सन्तुष्टि बृद्धि गर्ने ।

४.३. बान्नीगढी जयगढ गाउँपालिकाद्वारा प्रदान गरिने स्वास्थ्य सेवामा गरीब, सीमान्तकृत र जोखिममा रहेका वर्ग र समुदायको पहुँच सुनिश्चित गर्न समतामूलक र सामाजिक न्यायको आधारमा स्वास्थ्य कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने

४.४. नागरिकले सर्वसुलभ ढङ्गले गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न बान्नीगढी जयगढ गाउँपालिका भित्र निजी क्षेत्रको सहभागिता वढाउने ।

४.५.बान्नीगढी जयगढ गाउँपालिकाको मौलिक र पम्परागत रुपमा रहेको स्वास्थ्य उपचार पद्धतीको संरक्षण र प्रवर्धन गर्नका साथै औषधिजन्य जडिवुटीको खोज अनुसन्धान संरक्षण प्रशोधन र प्रवर्धन गर्ने खालका योजना बनाई कार्यान्वयन गर्ने ।

४.६. यस नीतिको कार्यान्वयका लागि आन्तरिक तथा बाह्य साझेदारीको प्रवद्र्धन गर्ने ।

४.७. स्वास्थ्य सेवा प्रवाहमा समानता र जफावदेहिताको सिद्धान्तलाई आत्मसाथ गरी स्वास्थ्य सेवाका हरेक तह र प्रकारमा नागरिकहरुको सहभागिता बढाउने ।

४.८. पोषण र स्वास्थ्यको दृष्टिले अति संबेदनशिल मानिने अवस्थाहरु जस्तै, गर्भवति, सुत्केरि महिला, नवजात शिशु, दुई वर्ष मुनिका बालबालिका, पाँच वर्ष मुनिका बालबालिका, किशोरी र बृद्धावस्थाको स्वास्थ्य र पोषणका क्षेत्रमा विशेष कार्यक्रम संचालन गर्ने |

४.९. बान्नीगढी जयगढ गाउँपलिकामा बहुक्षेत्रिय पोषण योजनालाई विकासका अन्य क्षेत्रसँग एकीकृतिकरण मूलप्रवाहिकरण गर्ने ।

## ५. स्वास्थ्य, सरसफाई र पोषण दूरदृष्टि, ध्येय, लक्ष्य र उद्देश्य

### ५.१. परिकल्पना ( Vision)
बान्नीगढी जयगढ गाउँपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ५.२ ध्यय ( Mission )
उपलब्ध साधनस्रोतको अधिकतम प्रयोग गरी सरोकारवाला सम्बन्धित संघीय मन्त्रालय, प्रदेश सरकार, स्वास्थ्य सेवा प्रदायक, सेवाग्राही र सरोकारवालाहरू बीच समन्वय र रणनीतिक सहकार्य गरी नागरिकहरूको स्वस्थ्य र सुपोषित रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

### ५.३ लक्ष्य ( Goal )
बान्नीगढी जयगढ गाउँपालिकाका सवै नागरिकहरुलाई स्वास्थ्यको अधिकार सुनिश्चित गर्न गुणस्तरीय स्वास्थ्य सेवामा सवैको पहुँच बृद्धि गरी समतामुलक र न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट स्वास्थ्य सेवा उपलव्ध गराउने ।

### ५.४. उद्देश्यहरू ( Objectives )
क) बान्नीगढी जयगढ गाउँपालिकाका नागरिकलाई संबिधान प्रदत्त स्वास्थ्य सम्बन्धी अधिकारको उपभोग गर्न पाउने वातावरण सृजना गर्ने

ख) प्रत्येक नागरिकले सबै तहबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने,

ग) स्वास्थ्य, सरसफाई र पोषणका सेवा प्रवाहमा प्रभावकारी जनसहभागिता प्रवर्द्धन गर्ने ।

घ) स्वास्थ्य, सरसफाई र पोषणका प्रवाहमा सरकारी नीजी, बहुपक्षीय साझेदारी तथा सहकार्य प्रवर्धन गर्ने ।

ङ) स्वास्थ र समृद्ध जिबनको लागि खानेपानीमा परिवर्तन, आयुर्वेद, योग तथा ध्यानका सेवा संचालन गर्ने

## ६. स्वास्थ्य, सरसफाई र पोषणका नीति र रणनीति
बान्नीगढी जयगढ गाउँपालिका को विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै बान्नीगढी जयगढ गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न गाउँपालिकाले देहायका नीति अवलम्वन गरेको छ ।

**६.१. बान्नीगढी जयगढ गाउँपालिकामा हरेक नागरिकलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनुको साथै उपचारात्मक सेवालाई व्यवस्थित र प्रभावकारि वनाउँदै, रक्षात्मक र प्रवद्र्धनात्मक सेवाहरु क्रमिक रुपमा विस्तार गरि प्रभावकारी रुपमा बस्ती र घरधुरि सम्म पहुँचको सुनिष्चित गरिने छ ।**

क) यस बान्नीगढी जयगढ गाउँपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट निःशुल्क आधारभूत स्वास्थ्य सेवाहरु प्रभावकारी रुपमा उपलब्ध गराईनेछन ।

ख) भुगोल र जनघनत्वका आधारमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरिनेछ ।

ग) बान्नीगढी जयगढ गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा कार्यक्रमको कार्ययोजना तयार गरि लागू गरिनेछ ।

घ). बान्नीगढी जयगढ गाउँपालिका र स्थानीय तहको सहकार्यमा निःशुल्क स्वास्थ्य कार्यक्रम, आधारभूत स्वास्थ्य सेवा, स्वास्थ्य बीमा एवं सामाजिक स्वास्थ्य सुरक्षाका सेवाहरुलाई सामन्जस्यपूर्ण ढंगले संचालन गरिनेछ ।

ङ) आकस्मिक अवस्था परी स्वास्थ्य संकटमा रहेका बेला निर्धारीत मापदण्डको आधारमा शिघ्र उपचारको लागि एम्बुलेनसबाट उद्धार गर्ने व्यवस्था मिलाईने छ ।

च) स्वास्थ्य सेवालाई क्रमिकरुपमा ब्यबस्थित वनाउन सेवाको गुणस्तरलाई सुधार तथा विकास गरिंदै लगिने छ ।

छ) रक्षात्मक सेवा जस्तै खोप, पोषण, सरसफाई जस्ता सेवालाई विस्तार गरिने छ र प्रवद्र्धन गरि घरधुरि तह सम्म पुर्याईने छ त्यसको लागि स्थानिय स्तरमा मानव समुदाय सहजकर्ता र संसाधनको पनि आवश्यकता अनुसार ब्यबस्था मिलाईने छ ।

**६.२ बान्नीगढी जयगढ गाउँपालिका भित्र विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई विस्तार गर्न न्युनतम पूर्वाधार सहितको निदानात्मक सेवा विस्तार गरिने छ ।**

क) बान्नीगढी जयगढ गाउँपालिकाभित्र स्वास्थ्य सेवा सर्वसुलभ र प्रभावकारी बनाउन एक १५ शैयाका अस्पताल संचालन गर्ने साथै जनसंख्या र भूगोलका आधारमा आधारभूत सामुदायीक स्वास्थ्य इकाईहरु बृद्धि गर्दै स्वास्थ्य जनशक्ति उत्पादन, दरबन्दी निर्धारण, जनशक्ति ब्यवस्थापन र प्रविधि मैत्री स्वास्थ्य उपकरण तथा पूर्वाधारको ब्यवस्थापन गरिनेछ ।

ख) बान्नीगढी जयगढ गाउँपालिकाका वडाहरुसंग समन्वय गरी हरेक वडा तथा स्वास्थ्य सेवाको पहुँच पुग्न नसकेका नागरिकलाई लक्षित गरि सामुदायीक स्वास्थ्य इकाइ, बर्थिङ सेन्टर मार्फत टोल वस्तीमा स्वास्थ्य सेवा प्रवाह गरिनेछ ।

ग) नाक, कान, घाटी, दन्त, मानसिक र आँखा चिकित्सालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाईनेछ । बान्नीगढी जयगढ गाउपालिका दुर्गम ग्रामीण भेगमा समय समयमा विशेषज्ञ स्वास्थ्य शिविरहरु नियमित रुपमा संचालन गरिने छ ।.

**६.३ बान्नीगढी जयगढ गाउँपालिकामा व्यक्ति, परिवार र समाजलाई परिचालन गरि जीवनशैली परिवर्तन गर्न अभिप्रेरित गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य (प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक तथा प्रशामक स्वास्थ्य सेवा) सेवा केन्द्र स्तर देखिनै व्यवस्थापन गरिनेछ ।**

क ) सुर्तिजन्य पदार्थ, मादक पदार्थ, लागुपदार्थ दुव्यसनी र अन्य स्वास्थ्यलाई हानी गर्ने वस्तुहरुको उत्पादन तथा उपभोगलाई निरुत्साहित गरिने छ ।

ख) सुर्तिजन्य पदार्थ, मादक पदार्थ जस्ता हानीकारक वस्तु किनवेच र प्रयोगलाई सार्वजनिक संस्था र स्थानमा निषेध गरिनेछ। यस्ता वस्तुको उत्पादन, विक्रि वितरण र प्रयोग नियन्त्रण तथा नियमन गर्ने सम्बन्धी कानून बनाई कडाईकासाथ कार्यान्वयन गरिनेछ ।

ग ) तोकिए बमोजिमका अवस्थाहरुको समयमा पहिचान गर्न नियमित तथा बिशेष शिबिरहरु मार्फत आबश्यक स्वास्थ्य संस्थाहरुमा स्क्रिनिङ सेवाहरु ( Uterine Prolepses, Obstetrics Fistula, RFT , VIA Diabetes, HTN, PAP Smear, Mammography ) आदि सेवा उपलब्ध गराईनेछ ।

घ ) बढदो नैराश्यता तथा मानसिक रोगलाई न्यूनीकरण गर्न प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै स्वास्थ्य संस्थाबाट प्रवाह गर्ने ब्यवस्था मिलाइनेछ साथै निश्चित स्थान र समयमा सघं तथा प्रदेश सगंको समन्वय तथा सहकार्यमा बिशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर Mental Health Clinic संचालन गरिनेछ ।

ङ) Package of Essential No Communicable ( PEN) Package लाई न्युनतम पनि सबै स्वास्थ्य संस्थाहरुमा लागू गरिने छ ।

च) उच्च रक्तचाप, मधुमेह, मिगौला रोग, मुटुरोग अर्वुदरोग, दम, मोटोपना जस्ता नसर्ने रोगहरुको निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकिकृत अभियान संचालन गरिने छ ।

छ) स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, योग शिविर, उचित खानपान, नियमित स्वास्थ्य परीक्षण जस्ता स्वास्थ्य प्रर्वधनका कृयाकलापहरू वडा तथा स्वास्थ्य संस्थाहरुसंग समन्वय गरी नियमित कार्यक्रममा समावेश गरि संचालन गरिने छ ।

ज). खोपबाट बचाउन सकिने रोगहरुको उन्मूलन, निवारण र नियन्त्रणका लागि निगरानी कार्य गरिनेछ, बान्नीगढी जयगढ गाउँपालिका पूर्णखोप सुनिश्चित गाउँपालिका हो यसलाई निरन्तरता दिईनेछ ।

**६.४. गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधि, औषधिजन्य सामाग्री, औजार तथा उपकरणहरुको व्यवस्था गरिनेछ ।**

क) संघ तथा प्रदेश सँगको सहकार्यमा स्वास्थ्य संस्थाहरुबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरुमा आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलव्ध भएको सुनिश्चत गरिनेछ ।

ख) प्रदेश सरकार संगको सहकार्यमा मौजुदा स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना भएकोमा गुणस्तरीय सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ भने सेवा सुरु नभएका स्वास्थ्य संस्थामा प्रयोगशाला सेवा शुरु गरिनेछ ।

ग) तोकिएको मापदण्ड अनुरुप गुणस्तरीय औजार, उपकरणको आपूर्ति व्यवस्था सुदृढ तथा सुनिश्चित गरिनेछ साथै गुणस्तरीय औषधि, औषधिजन्य सामाग्री, औजार उपकरण उपलव्ध गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ र आवश्यक आधुनीक औजार उपकरणको ब्यवस्था गाउँपालिकाले गर्नेछ ।

घ) निश्चित कार्यविधि र मापदण्डको विकास गरी औषधि, उपकरण र औषधिजन्य सामग्रीहरू खरिद, ढूवानी तथा वितरण पद्धति, औषधिको गुणस्तर सम्बोधन गर्न तथा बजार मूल्य नियन्त्रणको सुनिश्चितताका लागि प्रभावकारी नियमनको व्यवस्था अवलम्बन गरिनेछ ।

ङ) प्रतिजैविक प्रतिरोध र स्वास्थ्य उपकरणबाट हुने विकीरणबाट जोगाउन मापदण्ड तयार गरी लागू गरिनेछ । साथै प्रयोगशालामा काम गर्ने स्वास्थ्य कर्मीहरुको लागि नियमानुसारको जोखिम भत्ता उपलब्ध भएको सुनिश्चित गरिनेछ ।

**६.५ निजि क्षेत्रका स्वास्थ्य सेवा प्रदायक संस्था, अस्पताल र फार्मेसीहरुलाई प्रचलित कानून बमोजिम सेवा प्रवाहको मूल धारमा ल्याई ब्यबस्थित रुपमा सेवा संचालन, ब्यबस्थापन, रेकर्डिङ्ग र रिपोर्टिङ्ग एवं नियमन गरीने छ ।**

क) बान्नीगढी जयगढ गाउँपालिका भित्र संचालनमा रहेका ब्यक्तिगत तथा निजी लगानीमा संचालित स्वास्थ्य सेवा प्रदायक सवै क्षेत्रहरुलाई नेपाल सरकारको प्रचलित कानुन बमोजिम दर्ता, अनुमति, स्विकृति गरि संचालन गर्ने ब्यबस्था मिलाईने छ ।

ख) निजी लगानीमा संचालित औषधि पसल, अस्पताल, क्लिनिक, आयुर्वेद पसलहरुलाई नियमसंवत नेपाल सरकारले तोकेको मापदण्ड अनुसार अनुमति लिई यस गाउँपालिका वा सम्वन्धित शाखामा दर्ता गरेर मात्र संचालन गर्ने ब्यबस्था मिलाईने छ ।

ग) निजी क्षेत्रका सवै सेवा प्रदायक संस्थाहरुले नियमित रुपमा प्रगति प्रतिवेदन ईन्टरनेट वा सम्वन्धित फाराममा मासिक, अर्धवर्षिक र वार्षिक रुपमा पेश गर्ने ब्यबस्था मिलाईने छ ।

घ) निजि क्षत्रको सेवाको गुणस्तर सुनिश्चितताको लागि नियमित सुपरिवेक्षण र अनुगमन गरिने छ र आवश्यकता अनुसार पृष्ठपोषण दिइनेछ ।

ङ) प्रचलित कानुन बमोजिम प्रकृया नपुगेका निजि क्षेत्रका सेवा प्रदायक संस्थाहरुलाई कानुन बमोजिम कार्वाही गर्ने वा सम्बन्धित निकायमा आवश्यक कार्वहीको लागि समन्वय गरिने छ ।

**६.६. न्यूनतम सेवा मापदण्ड (Minimum Service Standard) तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical Standard) अनुसारको स्वास्थ्य सेवा सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय रुपमा प्रवाह गरिनेछ ।**

क) न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा स्थानीय तह अन्तरगतका सबै स्वास्थ्य संस्थाहरुबाट गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

ख) स्वास्थ्य सेवा प्रदायक संस्थाहरुबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चितताको लागि तोकिएको समयमा अनुगमन तथा मूल्यांकनको व्यवस्था गरिनेछ ।

ग) स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो संकलन तथा संबोधन गर्ने प्रणलीको विकास तथा कार्यान्वयन गरिनेछ ।

**६.७. सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समूदायको गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच बृद्धि गर्न विशेष कार्यक्रम संचालन गरिनेछ ।**

क) स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच स्थापित गर्न स्वास्थ्य सेवाको पहुँच बाहिर परेका समुहहरुलाई समेट्ने रणनीति तयार गरि लागू गरिनेछ ।

ख) बिपन्न, अपाङ्ग, तेस्रो लिगीं, अल्पसंख्यक, लोपोन्मूख, बालबालिका, किशोर किशोरी, गर्भवती र सुत्केरी महिला, महिला स्वास्थय स्वयं सेविका तथा जेष्ठ नागरिकहरुलाई स्वास्थ्य सेवा र सामाजीक सुरक्षामा प्राथमिकता दिईनेछ ।

ग) विशेष गरि पिछडीएको वर्ग, क्षेत्र र समुदायका लागि समतामूलक स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि गर्न आवस्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको संचालन तथा आधुनीक सूचना तथा प्रविधिको प्रयोग गरि स्वास्थय सेवा उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

घ) लक्षित समूदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका स्वास्थयकर्मी उत्पादन गरी सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरिनेछ ।

ङ) कामको शिलशिलामा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न विशेष कार्यक्रम बनाई लागू गरिनेछ ।

**६.८. किशोर किशोरी तथा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार सुनिश्चित गरीनेछ ।**

क) गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिबृद्धि गर्न स्वास्थय संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व, नव शिशु तथा प्रजनन स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।

ख) बान्नीगढी जयगढ गाउँपालिकाको सबै स्वास्थ्य संस्थाहरुलाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाईनेछ ।

ग) बिभिन्न बर्ग, जाती, धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था विश्लेषण गरि अवाश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ ।
घ) सुरक्षित गर्भपतन सेवालाई थप व्यवस्थित गर्दै गुणस्तरीय र प्रभावकारी बनाईनेछ ।
ङ) लैगिंक पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्ण रुपमा निरुत्साहित गरिनेछ ।
च) प्रजनन स्वास्थ्य सम्बन्धी रुग्णता तथा अशक्ततालाई सम्बोधन गर्न आवश्यक कार्ययोजना तयार गरि लागू गरिनेछ ।
छ) बर्थिङ सेन्टरहरुलाई रणनैतिक स्थानमा संचालनका लागि मानव श्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ । प्रसुती केन्द्रहरूमा आमाघर  तथा स्तर अनुसार नवजात कर्नर को सुबिधा उपलब्ध गराइनेछ ।

## ६.९. स्वास्थ सकारात्मक व्यवहार परिवर्तनका लागि स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै अनुकुल वातावरण सुनिश्चित गरिनेछ ।

क) स्वस्थ बिद्यालय बाताबरण, बिद्यालय पोषण (दिवा खाजा) Deworming  स्क्रिनिङ तथा स्वास्थ्य परीक्षण सेवा, किशोर किशोरी सेवा जस्ता बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गरिनेछ र यी कार्यक्रमलाई प्रभाबकारी बनाउनका लागि स्कूल नर्स कार्यक्रम लागू गरिनेछ ।
ख)  महिनावारी स्वच्छतालाइ स्वास्थ्य उपचारको जानकारी पाउने हरेक नागरिकको हकलाई सुनिश्चित गर्न सुसुचित स्वास्थ्य सेवा प्रवाहमा जोड दिईने छ । साथै हरेक स्वास्थ्य संस्थामा स्वास्थ्य संग सम्बन्धित जानकारीमूलक पोष्टर पम्प्लेट, फ्लेक्सहरु तयार गरि टाँस गरिनेछ ।
ग) प्रवद्र्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवा प्रवाहका लागि प्रत्येक विद्यालयमा कम्तिमा महिनाको एक पटक विद्यार्थिहरुको स्वास्थ्य अवस्था चेक जाँचगर्ने व्यवस्था मिलाईनेछ ।
घ) मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका लागि मनोचिकित्सा, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरिनेछ ।
ङ) दुर्घटना लगायत अन्य प्रकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

## ६.१०. बान्नीगढी जयगढ गाउँपालिका बासीको स्वास्थ्य बीमा सुनिश्चित गरिने छ ।

क). गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरु बालमैत्री, अपांगमैत्री, ज्येष्ठ नागरिकमैत्री, किशोरकिशोरी मैत्री हुनेछन् । समुदायस्तरमा जेष्ठनागरिक नमूना दिवा सेवा केन्द्र स्थापना एवं विस्तार गरिने छ ।

ख) लैगिंक विभेद, कम उमेरमा बिवाह गर्ने र कम उमेर मै गर्भवती हुने कारणले महिलाको स्वास्थ्यमा असर गर्ने हुनाले सचेतना अभिबृद्धि गर्ने तथा महिनावारी भएको बेला छात्राहरुको बिद्यालय उपस्थितिमा निरन्तरता दिन Dignity kit उपलब्ध गराइनेछ ।

ग). अपांगहरुको लागी आवश्यकता अनुसारको सहयोगी उपचार व्यवस्था, सहयोगी सामाग्री व्यवस्था गरिने छ साथै स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा अपांगमैत्री हुनेछन् । प्यालियटिभ सेवाको पनि क्रमशः शुरुवात गरिनेछ ।

घ) प्रेषण प्रणाली प्रभावकारी गरिने छ र सहजीकरण गरिने छ । दुर्गम क्षेत्रबाट उपचारका लागि अन्यत्र प्रेषण भएका विरामीहरुको सहजिकरण गरिने छ ।

ङ) लैंगिक हिंसामा परेका, वेवारिसे जेष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भइ सडकमै रहेका असहाय व्यक्तिहरूलाइ अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवं हेरचाहको लागि निजी सरकारी सहकार्यमा बान्नीगढी जयगढ गाउँपालिका पुर्नस्थापना केन्द्र स्थापना एवं संचालन गरिने छ । साथै एकद्वार संकट व्यवस्थापन केन्द्रको सुद्धिढीकरण एवं विस्तार गरिने छ ।

च) रिफरल अस्पतालहरुमा सामाजिक सेवा इकाई स्थापना गरी प्रभावकारी ब्यवस्थापन गरिनेछ ।

## ६.११. स्वास्थ्यवद्र्धक खाद्य पदार्थको प्रवद्र्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार गरिनेछ ।

क) खाद्य विविधीकरणमा जोड दिदै स्थानीय तहमा कार्यरत संघ संस्था संग समन्वय र सहकार्य गरी पोषण व्यवहार परिवर्तन गर्ने तथा बजारिया खाना ( Junk Food ) लाई निरुत्साहित गर्ने सम्बन्धी कार्यक्रमहरु नियमित रुपमा संचालन गरिनेछ ।

ख) अर्गानीक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरित गृह तथा प्रत्येक परिवारमा सुधारीएको करेसाबारी निर्माण गर्न र खानामा विविधिकरण गरि उपभोग गर्न प्रोत्साहित गरिनेछ ।

ग) पोषणयुक्त बाल पौष्टिक आहार, दिवा खाजा लगायतका अन्य खाद्य पर्दाथ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सो को गुणस्तर कायम गर्ने प्रावधान बनाईनेछ ।

घ) वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्वयुक्त खाद्य पर्दाथ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ । यस्ता खाद्य पदार्थ प्रसोधन तथा बजारीकरणका लागी साना किसान र ब्यवसायी अनुदान कार्यक्रम संचालन गरिनेछ ।

ङ ) बहुक्षेत्रीय पोषण कार्यक्रम, शिघ्र कुपोषणको एकिकृत व्यवस्थापन कार्यक्रम लगायत पोषणसँग सम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवं प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरुसँगको सहकार्यमा पोषण कर्नर, पोषण परामर्श कर्नर, पोषण पुर्नस्थापना केन्द्रहरू स्थापना गरिनेछ र पोषण परामर्श सेवालाई विस्तार गरि थप ब्यबस्थित वनाईने छ ।

च) हरेक स्वास्थ्य संस्थामा पोषण सम्पर्क ब्यक्ति तोकिने छ र स्वास्थ्य संस्थाबाट दिईने पोषण सेवा सम्बन्धि सम्पुर्ण क्षेत्र निजको जिम्मा लगाईने छ ।

छ) वडा समितिहरुसंग समन्वय र सहकार्य गरी स्थानीय बजारमा खाद्य पदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिने छ । स्वस्थ मासु तथा दुध उत्पादन गर्ने खाने वा खुवाउने, बिक्रिबितरणको लागी नियमन गरिने छ । कुनैपनि तैयारी खानेकुराहरुमा अनिबार्य लेवलिङको व्यवस्था गरिने छ । विद्यालयमा दिवा खाजाको ब्यवस्था मिलाईने छ एवं विद्यालयमा बजारको खानेकुरा प्रतिवन्द गर्ने ब्यबस्था मिलाईने छ ।

ज) विद्यालय पोषण कार्यक्रमलाई ब्यबस्थित र नियमित गरिने छ, किशोरिहरुको पोषण सुधार गर्न सवै किशोरिहरुलाई नियमित आइरन तथा फोलिक एसिड चक्कि खुवाईने ब्यबस्था मिलाईने छ ।

झ) दुईबर्ष मूनिका बालबालिकाको नियमित बृद्धि अनुगमन गरिनेछ । गर्भवति र २ बर्ष मुनीका बच्चाका आमाहरुको पोषणको स्थिति सुधार गरिनेछ ।

## ६.१२. विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण एवं प्रतिकार्यको लागि बहुपक्षीय सहकार्य गरिनेछ ।

क) बान्नीगढी जयगढ गाउँपालिका भित्र विभिन्न खालका प्राकृतिक प्रकोप जस्तै वडा नं. ६ मा बाढी त्यसैगरी वडा नं.१, ३, ५ र ६ मा पहिराको जोखिम रहदै आएको छ भने यी र यी जस्तै अन्य जोखिमको सम्भावना रहेका अन्य स्थानहरु तथा हुन सक्ने जोखिमकको नक्साकंनका लागि स्थानीय तहमा रहेका नीजी तथा गैर सरकारी क्षेत्रहरु सँग बहुपक्षिय सहकार्य गरि प्रतिकार्य योजना निर्माण साथै कार्यान्वयन गरिनेछ ।

ख) सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि तथा सामग्रीहरुको वफरस्टक राख्ने व्यवस्था मिलाईने छ र ति सामग्रिहरुको म्याद गुज्रने मितिको रेकर्ड राखी मिति गुज्रनु भन्दा अगाडीनै अन्य स्थानमा वितरण गरि त्यसलाई अध्यावधिक गर्ने व्यवस्था मिलाईनेछ ।

ग). बान्नीगढी जयगढ गाउँपालिकामा द्रुत प्रतिकार्य टोली (Rapid Response Team RRT ) तथा आकस्मीक चिकित्सकीय टोली ( Emergency Medical Team ENT ) गठन गरि अन्य उद्धार टोली सँग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरिनेछ ।

## ६.१३. मानसिक स्वास्थ्यसंग सम्बन्धित समस्याप्रति आवश्यक जनचेतनाको अभिबृद्धि गर्न, त्यसको रोकथाम, उपचार र नियन्त्रण गर्न स्वास्थ्य संस्थाहरुलाई मानसिक स्वास्थ्य सेवा प्रदान गर्न सुदृढ र सक्षम बनाउदै, प्राथमिक स्वास्थ्य सेवाको तह देखिनै व्यवस्थापन गरी प्रेषण अस्पताल सम्म पहुच सुनिश्चित गरिने स्वास्थ्य शिक्षा कार्यक्रमको एक अभिन्न अंगको रुपमा शिक्षण संस्थाहरु मार्फत प्रवाहित गर्ने । मानसिक स्वास्थ्य नीति लाइ समायनुकुल परिमार्जन गर्ने ।

क) मानसिक स्वास्थ्य सेवालाई समुदाय स्तरदेखि विशिष्ट स्वास्थ्य सेवा दिने सम्म उपलव्ध गराउने गरी आवधिक योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ ।

ख) बिध्यालय स्वास्थ्य शिक्षाको एक अभिन्न अंगको रुपमा मानसिक स्वास्थ्यको प्रवर्धन गरिनेछ, तदनुरुप मानसिक स्वास्थ्य सम्बन्धी सल्लाह दिन काउन्सेलर हरुको जनशक्ति विकास गरिनेछ ।

**६.१४. वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिने छ ।**

क) गाउँपालिका भित्र कार्यरत संघ संस्थाहरु सँग समन्वय र सहकार्य गरी खुला दिशामुक्त गाउँपालिकालाई निरन्तरता दिईनेछ र पालिकाको पूर्ण सरसफाईको लागि दिगोपनाको योजना तयार गरि कार्यान्वयन गरिनेछ ।

ख) गाउँपालिका भित्र खानेपानी, हावा तथा ध्वनीको गुणस्तरको मापदण्ड निर्धाणर गरी कार्यान्वयन र नियमन गरिनेछ ।

ग) सरकारी तथा व्यवसायिक रुपमा गाउँपालिका भित्र उपलब्ध खानेपानीको गुणस्तर सुनिश्चितताको लागि सम्बन्धित निकायहरुसंग समन्वय गरिने छ । समय समयमा विभिन्न धारा तथा पानीको मुहानहरुको पानीको गुणस्तर जाँच गरि गुणस्तर सुनिश्चित गरिनेछ ।

घ) स्वास्थ्य, पोषण, जीवन उपयोगी शिप, वृहत यौनिकता शिक्षा तथा सूचना लगायत बिषयहरु विद्यालय शिक्षाको पाठ्यक्रममा समावेश गरी लागू गर्न अन्तर सरकारी समन्वय र सहकार्य गरिनेछ ।

ङ) स्वास्थ्य प्रबर्धनको लागि समुदायका सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथादुर्घटनालगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

**६.१५. बिभिन्न कार्यस्थलहरुमा काम गर्ने कामदारहरुको पेशागत स्वास्थ्य सुरक्षा सुनिश्चित गरिनेछ ।**

क) बान्नीगढी जयगढ गाउपालिका भित्र संचालन हुने शसर्त अन्रतगतका कार्यक्रमहरु, निशर्त अन्रतगतका कार्यक्रमहरु, विशेष अनुदान, समानीकरण अनुदान, दातृ संघ संस्थाहरुबाट संचालीत कार्यक्रमहरुको लेखा जोखा राख्ने व्यवस्था मिलाईनेछ । गाउँपालिकाको सर्वाङ्गीण विकासको लागि विभिन्न संघ संस्थाहरु सँग समन्वय र सहकार्य गरिनेछ ।

**६.१६. अध्ययन तथा अनुसन्धानलाई प्रबर्धन गर्दै निश्कर्षको आधारमा स्वास्थ्य कार्यक्रम तथा रणनीति निर्माण गरी लागू गरिनेछ ।**

क) विभिन्न सरकारी, गैर सरकारी तथा नीनी क्षेत्रमा का मगर्ने कामदारहरुको स्वास्थ्य सुरक्षाको लागि बहुपक्षिय समन्वयामा जीवन बिमा, दुर्घटना बीमा, सामाजिक सुरक्षा सुनिश्चित गरिनेछ ।

**६.१७. तथ्यमा आधारित योजना बनाउन र स्वास्थ्य सेवाको प्रभावकारी ब्यवस्थापन गर्न एकिकृत स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढ र प्रविधिमैत्री बनाईनेछ ।**

क) स्वास्थ्य क्षेत्रमा निजि तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न "सार्वजनिक—निजि साझेदारी" रणनीति बनाई लागू गरिने छ ।

ख) निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गरिने छ ।

ग) निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न प्रोत्साहित गरिने छ ।

**६.१८. स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरी तथ्यांक, जनसांख्यिक स्थितिका आधारमा वितरण प्रणाली विकास गरी स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।**

क) स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानलाई व्यवस्थित गर्न प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको लागि स्रोत व्यवस्थापन गरिनेछ ।

ख) अध्ययन तथा अनुसन्धानलाई गुणस्तरीय र उपयोगी बनाउन विश्वविद्यालय, गैरसरकारी संस्था, नीजी क्षेत्र, बिज्ञ लगायत सरोकारवालासँग सहकार्यको लागि प्रबुद्ध वर्गको अवधारणा कार्यान्वयन गरिने छ ।

ग) स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा अध्ययन तथा अनुसन्धानका निश्कर्षहरुलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउने संस्कारको विकास गरिने छ । साथै अध्ययनले औल्याएका कुराहरुको आधारमा गाउँपालिकाको योजना तयार गरिनेछ ।

**६.१९. आयूर्वेद, ध्यान, योग लगायतका स्वास्थ्य सेवा स्थापना थप ब्यबस्थित, मजवुत र गुणस्तरिय वनाईने छ ।**

क) स्थानीय तहको समन्वयमा प्रत्येक स्वास्थ्य संस्थाहरु, निजि तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय÷अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने ( DHIS-2 eLMIS ) व्यवस्था सुनिश्चित गरिनेछ ।

ख) स्वास्थ्य क्षेत्रमा कामगर्ने संघ संस्थाहरु सँगको सहकार्य तथा समन्वयमा प्रत्येक स्वास्थ्य संस्थाहरुमा तथा पालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरि सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ प्रयोगमा ल्याउने संस्कारको विकास गरिने छ । साथै विद्युतीय प्रतिवेदन प्रणलीको संचालन तथा प्रयोगको लागि स्वास्थ्य कर्मीहरुको लागि तालिम तथा पुर्नताजगि तालिमको व्यवस्था गरिनेछ ।

ग) तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरिनेछ ।

**६.२०. सम्पूर्ण प्रकारका दुव्र्यसन नियन्त्रण गर्दै स्वस्थकर जिवनयापन गराउन जनचेतनाका कार्यक्रम, शारिरिक ब्यायम र योगा जस्ता कार्यलाई प्रोत्साहन, प्रवद्र्धन गरिने छ ।**

क) लैङ्गिक अनुपातको आधारमा यथार्थ जनसंख्या विवरण अद्यावधिक गरी लक्षित उमेर, वर्ग, क्षेत्र र सामाजिक समूहमा ब्यवस्थित परिवार स्वास्थ्य कार्यक्रमहरूको तर्जुमा गरी लागू गरिनेछ । र तय भएक वार्षिक तथा आवधिक कार्यक्रमहरु लक्षित समुदायमा समावेशी तवरमा कार्यन्वयन भएको सुनिश्चित गरिनेछ ।

ख) संघीय तथा प्रदेशिक सरकार संगको समन्वयमा जनसांखिक अध्ययन र अनुसन्धानलाई व्यवस्थित गरिने छ ।

ग) शहरी विकास योजना निर्माण गर्दा स्वास्थ्य तथा जनसंख्या सम्बन्धि विषयलाई प्राथमिकताका साथ सम्बोधन गर्न वहुपक्षीय समन्वय र सहकार्य गरीने छ ।

घ) गाउँपालिकाको भूगोल, जनसंख्या तथा आवशयकता अनुरुप स्वास्थ्य संस्था स्थानान्तरण गरिने

ङ) स्वास्थ्य सेवा प्रदायक ब्यक्ति र संस्थाहरुको सुरक्षाको लागि प्रचलित कानुनी ब्यवस्थालाई बान्नीगढी जयगढ गाउँपालिकाभर प्रभावकारी रुपमा लागू गरिनेछ ।

च) स्वास्थ्य सेवामा, स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहिन कार्यलाई निरुत्साहित गरिने छ ।स्वास्थ्यकर्मीलाई आफ्नो काम, कतब्य प्रति जवाफदेही बनाईने छ ।

छ) स्वास्थ्य सुशासन कायम गर्नको लागी Social Audit, नागरिक वडापत्र र बिज्ञहरु सहितका जिम्मेवार समितिहरुको ब्यस्था गरिनेछ । स्वास्थ्य सम्बन्धी गुनासो सुनुवाईको लागी पनि आवश्यक संयन्त्रको प्रयोग गरिने छ ।

ज) स्वास्थ्य संग सम्बन्धीत राष्ट्रिय र अन्तराष्ट्रिय गैर सरकारी संघ संस्था तथा दातृ निकायहरुलाई जनतामुखी र परिणाममूखी कार्य गर्नको लागि उत्पेरित गरिने छ ।

झ) बान्नीगढी जयगढ गाउँपालिकाका समुदायको विशिष्ट संस्कृति संस्कारलाई आत्मसात गर्दै स्वास्थ्य सेवालाई सेवाग्राही मैत्री बनाई स्वास्थ्यको हकको सुनिश्चितता गरिनेछ ।

ञ) बान्नीगढी जयगढ गाउँपालिका भित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचार सम्बन्धी जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा संचार कार्यलाई प्रभावकारी कार्यान्वियन गरिनेछ ।

**६.२१. सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग एवं सिकल सेल एनेमिया, थालासेमिया, गलगाँड, लागूपदार्थ दुव्र्येसनी जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।**

क) यस बान्नीगढी जयगढ गाउपालिकामा कार्यरत संघ संस्थाहरु संगको समन्वय र सहकार्यमा क्षयरोग, एच. आइ. भी. र एड्स तथा औलो लगायतका सरुवा रोगहरूको अध्ययन, अनुसन्धान, निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि प्रभावकारी कार्यक्रमहरू कार्यान्वयन गरिनेछ ।

ख) रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि प्रदेश तथा अन्य सरोकारवाल निकायहरु संगको समन्वय तथा सहकार्यमा आवश्यक सेवा बिस्तार गरिनेछ ।

ग) खुला सिमानाबाट भित्रिन सक्ने संक्रमक रोगहरुको स्क्रिनिङ्ग गरी रोग निगरानी ( Surveillance Mechanism ) पद्धतिलाई सुदृढ बनाउँदै रोकथाम तथा उपचारको व्यवस्था गरिनेछ ।

**६.२२ स्वास्थ्य क्षेत्रमा लगानी बृद्धि गर्दै सामाजिक सुरक्षा योजनालाई सुदृढ गरी स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ ।**

क) स्थानीय तहको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरिनेछ र बिनियोजित बजेटको सहभागितात्मक विधिबाट प्रभावकारी योजना तर्जुमा गरि कार्यन्वयन गरिनेछ ।

ख). गैरसरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवामा सामाजिक उत्तरदायित्व वहनका लागि सहजिकरण गरी नियमन गरिनेछ ।

ग) सामाजिक सुरक्षा योजनाहरु थप प्रभावकारी बनाई प्रदेशबासीको स्वास्थ्य आवश्यकताका आधारमा उपयुक्त रणनीतिहरु तय गरी लागू गरिनेछ ।

घ) सघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रमलाई पालिका भरी लागूगरि सम्पूर्ण बान्नीगढी जयगढवासीको स्वास्थ्य बीमा सुनिश्चित गरिनेछ । अति गरिब, विपन्न तथा लोपउन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरिनेछ ।

## ७. संस्थागत संरचना

७.१ १५ शैयाको अस्पताल १

७.२ स्वास्थ्यचौकी ६

७.३ सामुदायिक स्वास्थ्य इकाई ०

७.४ स्वास्थ्य स्वयम्सेविका ७६

७.५ फार्मेसी ०

## ८. स्रोत व्यवस्थापन

८.१ आर्थिक, भौतिक, मानवीय सहयोग प्रापत हुने क्षेत्रको पहिचान यसप्रकार गरिएको छः

८.२ संघीय सरकारको अनुदान

८.३ प्रदेश सरकारको अनुदान

८.४ गाउँपालिकाको अनुदान

८.५ विकास साझेदार निकायको सहयोग, चन्दा, दान, उपहार, फार्मेशी आदी

## ९. अनुगमन र मूल्यांकन

९.१ पालिकास्तरको अनुगमन समिति

९.२ स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति

९.३ विशेषज्ञ अनुगमनः संघ, प्रदेश, विकास निकाय, पालिका, आधारभूत अस्पताल

९.४ विशेष सेवाका अनुगमन

यस नीति कार्यान्वयनको क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तीको मूयांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ । वडा समितिहरु एवम अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ, प्रत्येक तीन वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

## १०. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि बान्नीगढी जयगढ गाउँपालिका स्वास्थ्य ऐन तर्जुमा गरिनेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वयनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन कार्ययोजना बनाउने छ । यही कार्ययोजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वयन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वयनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

....................................

**आज्ञाले**

**बसन्त बहादुर रावल**

**नि. प्रमुख प्रशासकीय अधिकृत**